कर्णाली प्रदेश
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय
जाजरकोट

पत्र संख्याः २०८०/०८१ (प्रशासन शाखा) चलानी नं.: मितिः २०८०/११/०९

छात्रवृत्ति सम्बन्धी सूचना

प्रस्तुत विषयमा चालु आ.व. २०८०/०८१ मा यस कार्यालयको वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत जिल्लास्तरीय छात्रवृत्ति वितरण समितिको मिति २०८०/११/०९ गतेको निर्णयानुसार मिति २०८०/११/०९ देखि मिति २०८०/११/३० गतेसम्म २१ दिने म्याद राखी सूचना प्रकाशन गर्ने निर्णय भएकोले तपसिलमा उल्लिखित छात्रवृत्ति प्राप्त गर्न **एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि २०८०** बमोजिम उल्लिखित आधारहरु पुरा भएका विद्यार्थीहरुले यस कार्यालयको वेव साइट **sdojajarkot.karnali.gov.np** मा राखिएको छात्रवृत्ति आवदेन फाराम डाउनलोड गरी वा यस कार्यालयबाट प्राप्त गरी रितपूर्वक फाराम भरी तोकिएको मिति भित्र यस कार्यालयमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः-

| क्र.स | छात्रवृत्तिको किसिम | कोटा संख्या | उपलब्ध गराउने रकम | जम्मा वार्षिक बजेट रकम |
|---|---|---|---|---|
| १ | प्राविधिक छोरी बुहारी छात्रवृति | २० जना | ५०००० | १०००००० |
| २ | उच्च शिक्षा अपाङ्ग छात्रवृति | १० जना | २४००० | २४०००० |
| ३ | उच्च शिक्षा दलित छात्रवृति | १० जना | २४००० | २४०००० |

छोरी बुहारी छात्रवृत्ति तर्फः-

क) स्वास्थ्य क्षेत्रका प्रमाणपत्र तह वा सो सरह अध्ययनरत

ख) कृषि, पशुविज्ञान तथा वनविज्ञान क्षेत्रका प्रमाणपत्र तह वा सो सरह अध्ययनरत

ग) इन्जिनियरिङ तथा सूचना प्रविधि क्षेत्रका प्रमाणपत्र तह वा सो सरह अध्ययतरत

**यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछः-**

१. सम्बन्धित स्थानीय तहको स्थायी ठेगाना खुल्ने सिफारिस पत्र,

२. मान्यता प्राप्त सार्वजनिक/सामुदायिक शिक्षण संस्थाबाट एस.इ.इ./एस.एल.सी. परीक्षा उत्तीर्ण भएको प्रमाणपत्रको प्रतिलिपि,

३. हाल नियमित रुपमा अध्ययनरत रहेको शिक्षण र शुल्क (ट्युसन शुल्क) बुझाएको भनी अध्ययनरत शैक्षिक संस्थाले गरेको सिफारिस पत्र,

४. अघिल्ला आर्थिक वर्षहरुमा छोरीबुहारी छात्रवृत्ति प्राप्त नगरेको र अन्य कुनै निकायबाट छात्रवृत्ति वा निशुल्क छात्रवृत्ति नपाएको भनी अध्ययनरत शैक्षिक संस्थाले गरेको सिफारिस पत्र।

५. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि/नागरिकता प्राप्त गर्न उमेर नपुगेको हकमा विद्यार्थीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।

६. बुहारीको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि।

**उच्च शिक्षा अपाङ्ग छात्रवृत्तितर्फः-**

**यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछः**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

२. सम्बन्धित निकायको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि।

२०८०।११।०९
सामाजिक विकास अधिकृत

३. सम्बन्धित स्थानीय तहको स्थायी ठेगाना खुल्ने सिफारिस पत्र।

४. हाल नियमित रुपमा अध्ययनरत तथा अन्य कुनै निकायबाट छात्रवृत्ति पाएको छैन भनी अध्ययनरत शैक्षिक संस्थाले गरेको प्रमाणपत्र।

५. मान्यता प्राप्त सार्वजनिक सरकारी वा सामुदायिक शिक्षण संस्थामा उच्च शिक्षा अध्ययनरत।

६. अध्ययनरत तह भन्दा तल्लो तहको प्रमाणपत्र।

कर्णाली प्रदेश, सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय सामाजिक विकास कार्यालय जाजरकोट

**उच्च शिक्षा दलित छात्रवृत्तितर्फः-**

**यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ**

१. नेपाल सरकारबाट सूचीकृत भएकोमा सोही बमोजिम हुनेछ, सूचीकृत नभएको हकमा जिल्ला प्रशासन कार्यालयबाट दलित भएको प्रमाणित सिफारिस पत्र।

२. सम्बन्धित स्थानीय तहको स्थायी ठेगाना खुल्ने सिफारिस पत्र।

३. हाल नियमित रुपमा अध्ययनरत तथा अन्य कुनै निकायबाट छात्रवृत्ति पाएको छैन भनी अध्ययनरत शैक्षिक संस्थाले गरेको सिफारिस पत्र।

४. मान्यता प्राप्त सार्वजनिक सरकारी वा सामुदायिक शिक्षण संस्थामा उच्च शिक्षा अध्ययनरत/ अध्ययनरत तह भन्दा तल्लो तहको प्रमाणपत्र।

५. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

**छात्रवृत्ति प्रदान नगरिने अवस्थाहरुः-**

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी कुनै प्रकारको स्थायी वा करार नोकरीमा कार्यरत भएमा, नियमित रुपमा शैक्षिक संस्थामा उपस्थित नभइ पठनपाठनमा समावेश नभएमा, अन्य निकायबाट नियमित रुपमा छात्रवृत्ति पाइरहेको प्रमाणित भएमा, कुनै पनि छात्रवृत्तिको हकमा कुनै एक तहमा एक छात्रवृत्ति पाइसकेको भएमा, गलत तथा झुठा विवरण भरी पेश गरेको प्रमाणित भएमा।

**आवेदकले ध्यान दिनुर्ने कुराहरुः**

१. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले आवश्यक शैक्षिक प्रमाणपत्र वा कागजातहरुको प्रमाणित प्रतिलिपि तथा यस कार्यालयले उपलब्ध गराएको आवेदन फाराम भरी तोकिएको मिति भित्र पेश गर्नु पर्नेछ।

२. दोस्रो र तेस्रो वर्षमा अध्ययनरत रहेका छात्रछात्राहरुले अघिल्लो वर्षको मार्कसिट समेत पेश गर्नुपर्नेछ।

३. आवेदक स्वयंमको व्यक्तिगत खाताको चेकको प्रतिलिपि अनिवार्य संलग्न राख्नुपर्नेछ।

४. एकीकृत छात्रवृत्ति वितरण व्यवस्थापन कार्यविधि, २०८० को दफा ३ (१) बमोजिम कर्णाली प्रदेशमा स्थायी बसोबास भइ कर्णाली प्रदेशमा माथि उल्लिखित विषय र तहमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ।

**नोटः** थप जानकारीका लागि ९८६८०१०१५५ मा सम्पर्क गर्न सक्नु हुन्छ।

२०८१/११/०९

.......................

(यज्ञेश्वर खत्री)

सामाजिक विकास अधिकृत